अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १६/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/०८/२४

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | दस्तखत |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | दस्तखत |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | दस्तखत |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | दस्तखत |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | दस्तखत |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | दस्तखत |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | दस्तखत |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | दस्तखत |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | दस्तखत |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | दस्तखत |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | दस्तखत |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | दस्तखत |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | दस्तखत |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | दस्तखत |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | दस्तखत |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | दस्तखत |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | दस्तखत |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | दस्तखत |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |
| अधिकृत (छैठौं) | श्री चुडामणी निरौला | दस्तखत |
| सहायक | श्री सौजन कटुवाल | दस्तखत |

**मिति २०७७ माल मङ्सिर २४ गते बुधबार बसेको नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिम निर्णयहरु गरियो ।**

१. यस अर्जुनधारा नगरपालिकामा चालु आर्थिक वर्ष २०७७/०७८ मा तराइ मधेश समृद्धि कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान रु ५० लाखमा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत समपूरक कोषमा विनियोजित बजेटबाट रु १० लाख थप गरी जम्मा रु ६० लाख बजेटबाट यस नगरपालिकाको वडा नं ५ मा ८ वटा तथा वडा नं ६ मा १२ वटा विपन्न नागरिकका निम्ति सामूहिक आवाश निर्माण गर्ने निर्णय गरियो ।यसरी निर्माण गरिने घरका निम्ति आवश्यक जग्गाको व्यवस्थापन सम्बन्धित वडा कार्यालयले गर्ने र विपन्न नागरिकको छनौट वडा समितिले निर्णय गरी कार्यालयमा पठाउने निर्णय गरियो ।(**योजना/प्राविधिक/आर्थिक प्रशासन शाखा**)

२. कोभिड १९ प्रकोपका कारण यस अर्जुनधारा नगरपालिका अन्तर्गतका विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापहरु अवरुद्ध रहेकोमा यस नगरपालिका अन्तर्गत सञ्चालित माध्यमिक विद्यालय, आधारभूत विद्यालयतहका प्रधानाध्यापक, शिक्षकहरुका पेशागत संघ, संगठनका प्रतिनिधिहरु, निजी विद्यालयका सञ्चालक, प्याब्सन नगर समितिका पदाधिकारीहरुसँग विभिन्न समयमा भएको बैठकबाट समेत अवरुद्ध शिक्षण सिकाइ पुनः सञ्चालन गर्ने सम्बन्धमा भएको सहमति तथा समझदारी समेत क्रमशः विद्यालयहरुमा स्थानीय परिवेश अनुकुल चरणवद्ध रुपमा शिक्षण सिकाइ सञ्चालन गर्न सकिने व्यक्त धारणा समेतलाई मध्यनजर गर्दै यस नगरपालिका अन्तर्गतका विद्यालयहरुलाई विद्यार्थी संख्या न्यून, मध्यम र उच्च रहेका तीन श्रेणीमा विभाजन गरी विद्यालय सञ्चालन सम्बन्धि कार्यढाँचा २०७७ ले व्यवस्था गरे बमोजिम स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु पालना गरी शिक्षण सिकाइ क्रियाकलाप पुनः सञ्चालन ल्याउने निर्णय गरियो ।(**शिक्षा युवा तथा खेलकुद शाखा**)

३. भूमिहिन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७ को दफा ३ को उपदफा (१) बमोजिम गठन हुने भूमि सम्बन्धि समस्या समाधान सहजीकरण समितिको सदस्यमा पदमा नगर कार्यपालिका सदस्य श्री **दिलमाया दास** तथा श्री **शकुन्तला बराललाई** मनोनयन गर्ने निर्णय गरियो ।(कर्मचारी प्रशासन शाखा)

४. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत स्वास्थ्य वीमा सम्बन्धि कार्य सञ्चालनका लागि अर्जुनधारा नगरपालिकाको स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।(**स्वास्थ्य शाखा**)

५. नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुको सेवा सञ्चालनका लागि आवश्यक पर्ने ईञ्जिनियरिङ्ग, सर्वे, आयुर्वेद लगायतका प्राविधिक सेवाहरु प्रचलित जिल्ला दररेटको अधिनमा रही दैनिक ज्यालादारीमा सेवा लिनका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(**कर्मचारी प्रशासन शाखा/आर्थिक प्रशासन शाखा**)

६. नगर कार्यपालिकाको बै.सं ११/२०७७ मिति २०७७/०५/०८ को बैठकबाट अर्जुनधारा नगरपालिका वडा नं ५ बस्ने श्री ठाकुरप्रसाद पराजुलीको नाममा दर्ता कायम साविक अर्जुनधारा-५ कि.नं. ४००२,४००४ को जग्गा शहरी स्वास्थ्य केन्द्र स्थापनार्थ निःशुल्क ग्रहण गर्ने निर्णय संशोधन गरी निजको नाममा दर्ता कायम कि.नं.५१५५ ज.वि. ०-१-१६ मध्येबाट ०-१-० जग्गा शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि निशुल्क ग्रहण गर्ने र नामसारीका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो । **(कर्मचारी प्रशासन/स्वास्थ्य शाखा**)

७. नगर कार्यपालिकाको कार्यालयको भुई तल्लामा हाल नक्सापास तथा प्राविधिक कर्मचारीहरुको कार्यकक्ष व्यवस्थापन गरिएकोमा उक्त शाखामा रहेका कर्मचारीहरुको संख्या अनुसार उक्त कोठा साँघुरो भई कार्यसम्पादनमा असहज भएको र सेवा प्रवाहमा असर गरेकाले उक्त कार्यकक्षको हाल रहेको पार्टेसन हटाई सुरक्षित राख्ने र उक्त स्थानमा कार्यालय परिसरमा रहेका पुराना फर्निचर समेतको प्रयोग गरी प्राविधिकहरुको कार्यकक्षको नयाँ ढाचाँ बनाउनका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।**(प्राविधिक शाखा/आर्थिक प्रशासन शाखा**)

८. अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय (कार्यालय प्रमुख निवास) प्रयोजनको लागि र ९ नं वडा कार्यालय लगायतको लागि वडा कार्यालयहरूको प्रयेजनको निम्ति बहालमा लिइएको घरको संझैताअनुसारको घर भाडा रकम घर भाडा सम्झौता लिई गरी तोकिएको शीर्षकबाट भुक्तानी व्यवस्था गर्ने निर्णय गरियो ।**(आर्थिक प्रशासन शाखा/ जिन्सी शाखा** )